नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
.............................................

पत्र संख्याः-
चलानी नं.:-

सिंहदरबार, काठमाडौं
नेपाल ।

मितिः २०७९/१२/०१

# प्रेश विज्ञप्ति

यस श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयबाट श्रम व्यबस्थापन छिटो, छरितो, स्वतन्त्र, मर्यादित, पारदर्शी, अनुशासित, निश्पक्ष र विवेकपूर्ण एवं न्यायिक वनाउने तर्फ विविध किसिमका सुधारका निर्णयहरु हुँदै आएको विषय सबैको जानकारीमा छदैं छ ।

वैदेशिक रोजगारीको लागि श्रम स्वीकृति दिदा रोजगारदाता र श्रमिक वीच भएको श्रम सम्झौता र गन्तव्य मुलुकबाट प्राप्त कार्य अनुमति/ सम्झौताको अवधिलाई भन्दा सबैलाई २ वर्षको श्रम स्वीकृति दिदैं आएको पक्षलाई मन्त्रालयले मूल्यांकन गर्दा यसवाट श्रमिक कामदारको कार्य अवधि र भिषा अवधि छदैं श्रम स्वीकृतिका कारण वीचमा नै नेपाल फर्किनु परेको, विदेशमा वस्दा पनि आफ्नो मुलुकले दिएको श्रम स्वीकृतिको अवधि नघाई बस्नुपर्ने अवस्था देखिएको एवं धेरै झैझमेला मोल्नुपर्ने भएकोले नेपाल सरकार (सम्माननीय प्रधानमन्त्रीस्तर) बाट निर्णय भए अनुसार अवदेखी गन्तव्य मुलुकबाट प्राप्त गरेको कार्य अनुमति/ रोजगारदाता र श्रमिक वीच भएको कार्य सम्झौताको आधारमा सोही अवधि तोकी श्रम स्वीकृति दिने व्यबस्था भएको व्यहोरा सरोकारवाला सवैमा जनाकारी गराइएको छ ।

त्यसै गरी वैदेशिक रोजगार नियमावली, २०६४ को नियम १७(ग) मा भएको पूनः श्रम स्वीकृतिको व्यवस्था हाल प्रभावकारी रुपमा कार्यान्वयनमा नआएको कारण विदेशमा कार्यरत नेपाली श्रमिकले धेरै दुःख पाएको, पूनः स्वीकृति लिन पनि पूनः नेपाल आउनुपर्ने भएको र पूनः श्रम स्वीकृति नभएको वेला भवितब्य परी मृत्यु भएमा मृत्यु भएका बखत पाउने राहत, उद्दार लगायतका सुविधा कानून वमोजिम उपलब्ध गराउन नसकिएको पक्षलाई ख्याल गरी गन्तव्य मुलुकहरुमा रहेका नेपाली कुटनैतिक नियोगबाटनै पूनः श्रम स्वीकृति दिने व्यवस्था समेत नेपाल सरकार (सम्माननीय प्रधानमन्त्रीस्तर) को निर्णयबाट गरिएको व्यहोरा जानकारी गराउन चाहन्छौं । यसका लागि Foreign Employment Management Information System त्यसै अनुरुप बन्न लागेको एवं विदेशबाटै वैकिङ्ग र Mobile App बाट नेपालका खातामा रकम जम्मा हुन सक्ने व्यबस्था समेत गरिन लागेको व्यहोरा अनुरोध छ ।

अतः यस मन्त्रालयको सुधार अभियानमा यहाँहरुको सहयोग सदाझै निरन्तर रहोस् भन्ने आशा समेत व्यक्त गर्दछौं ।

(डण्डुराज घिमिरें)
सहसचिव/ प्रवक्ता